"कृषि,पुर्वाधार र पर्यटन विकाशको मुल आधार,सिदिङ्वावासीको सरोकार"

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री जीवन कुमार ताम्लिङ ज्यूले प्रस्तुत गर्नु भएको नीति, कार्यक्रम तथा बजेट

# आर्थिक वर्ष २०७६/७७ को
# नीति, कार्यक्रम तथा बजेट

## सिदिङ्वा गाउँपालिका

## ताप्लेजुङ

## १ न.प्रदेश,नेपाल

## २०७६ असार २०

# नीति, कार्यक्रम तथा बजेट

सिदिङ्वा गाउँपालिकाको पाँचौ गाउँसभाको अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष महोदय,प्रमुख प्रशासकीय अधिकृत ज्यू,सम्पुर्ण वडाअध्यक्ष तथा कार्यपालिका सदस्य ज्यूहरु,गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु,राष्ट्रसेवक कर्मचारी तथा उपस्थित सम्पुर्ण महानुभावहरु ।

आज यस गरिमामय सभामा सिदिङ्वा गाउँपालिकाको आगामी आर्थिक वर्ष ०७६।७७ को नीति कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु।

आजको यस घडिमा म नेपालको राष्ट्रिय एकता अखण्डता तथा लोकतान्त्रिक आन्दोलनहरुको क्रममा अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुको सम्झना गर्दै त्याग,बलिदान र योगदानको उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

लामो संघर्षवाट नेपाली जनताले चाहे बमोजिम संघिय शासन प्रणाली सहितको स्थानिय सरकारको गठन भएको छ । नेपालको संविधानले स्थानिय तहलाई स्थायी सरकारको रुपमा स्थापित गरेको छ । यसैको परिणाम स्वरुप २०७४ साल असार महिनामा भएको स्थानिय तहको निर्वाचन वाट आज हामी जनप्रतिनिधिको रुपमा जनताको शासन स्थापित गर्न निर्वाचित भै आएका हौ । यो दुई बर्षको अवधिमा मान्नीय सांसद, राजनितिक दल, संघ संस्था, विज्ञहरु र गाउँपालिकाको कर्मचारीहरुसंगको समन्वय, सहकार्य र समझदारीमा गाउँपालिकाको दिगो विकासका लागि खाका कोर्ने र योजना तथा कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छौ । निर्वाचनको क्रममा हामीवाट व्यक्त भएका प्रतिवद्धताहरुलाई जनताको घर दैलौमा पुऱ्याउने कोसिसमा हामीलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँवासी दाजुभाइ,दिदीवहिनीहरु, राजनैतिक दलका अग्रज व्यक्तित्वहरु तथा विभिन्न संघ संस्थाका प्रतिनिधि ज्यूहरुलाई धन्यवाद दिन चाहन्छु ।

वर्तमान नेपाल सरकारले **समृद्ध नेपाल सुखी नेपाली**को उद्देश्य परिकल्पना गरेर आफ्ना योजना तथा कार्यक्रमहरु अघि सारेको छ । तसर्थ मैले पनि आज सिदिङ्वा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम पेश गर्दा सोही उद्देश्यलाई सहयोग पुग्ने गरी प्रस्तुत गरेको छु। यस क्षेत्रको सर्वाङ्गीण तथा सन्तुलित विकास गर्दै गाउँवासीहरुको समग्र आर्थिक सामाजिक स्तरमा अभुतपूर्व रुपमा सकारात्मक परिवर्तन ल्याउन गाउँपालिका परिवार लागेको छ। यस गाउँपालिकालाई वालमैत्री, महिलामैत्री, अपाङ्गमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा वातावरणमैत्री गाउँपालिकाको रुपमा विकास गर्दै यसलाई नेपालकै नमूना गाउँको रुपमा विकास गर्न हामी दत्तचित्तका साथ लागि परेका छौं। तसर्थ,**"कृषि,पर्यटन,पुर्वाधार:बिकाशको मुल आधार-सिदिङ्वाबासीको सरोकार"** भन्ने नारालाई मुर्तरुप प्रदान गर्न सम्पुर्ण जनप्रतिनिधि,बुद्धिजिवि,समाजसेवी,गाउँवासी तथा सरोकारवालाहरुको रचनात्मक सहयोगको अपिल गर्दछु।

आगामी आर्थिक बर्ष २०७६।७७ को नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपालको संविधानले स्थानिय तहका लागि निर्दिष्ट गरेका भूमीकाहरु स्थानिय सरकार संचालन ऐन २०७४ का प्रावधानहरु र नेपाल सरकार बाट जारी बजेट तर्जुमा दिग्दर्शन विभिन्न तह र तप्काबाट प्राप्त सुझावहरु तथा विगतको अनुभबको सिकाइ लाई मुख्य आधार बनाएको छु

**सभाध्यक्ष महोदय,**

म अब यस गरिमामय गाउँसभामा तथ्याङ्कगत रुपमा सिदिङ्वा गाउँपालिकाको अवस्था चित्रण गर्न चाहन्छु। नेपाल सरकारले मिति २०७३ फाल्गुन २१ गते राजपत्रमा सुचना प्रकाशित गरी साविकको कालीखोला,सादेवा,आँखोप,साब्लाखु,लिम्बुदिन,मेहेले र सुरुम्खिम गाविसलाई एकिकृत गरी सिदिङ्वा गाउँपालिका

गठन गरिएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल २०६ वर्ग कि.मि. रहेको छ भने २०६८ को जनगणना अनुसार १२,०९९ जनसंख्या रहेको छ। कुल ७ वटा वडाहरुमा विभाजित यस गा.पा. को पूर्व र पश्चिम सिमामा क्रमश भारतको सिक्किम र पाथिभरा याङवरक गाउँपालिका रहेका छन भने उत्तर तर्फ सिरिजंगा गा.पा पर्दछ त्यस्तै दक्षिणतर्फ पाँचथरको याङवरक गाउँपालिका पर्दछ । सानो क्षेत्रफल भौगोलिक तथा जातीगत विविधता,सांस्कृतिक विविधता,पर्यापर्यटन एवम् प्रचुर जडीबुटीको सम्भाव्यता यस क्षेत्रका मुख्य विशेषताहरु रहेका छन । भौगोलिक विकटता,यातायातको सहज पहुच पुराउन नसक्नुका कारण स्थानिय स्तरको व्यावशाय प्रवर्दन तथा व्यवस्थापन यसको प्रमुख चुनौतीको रुपमा रहेको छ । गाउँपालिका परिवार यस क्षेत्रको सकारात्मक विशेषताको लाभ लिन तथा समस्या र चुनौतीलाई अवसरको रुपमा रुपान्तरण गर्न लागिपरेको छ।

**सभाध्यक्ष महोदय,**

अव म चालू आ.व ०७५/७६ को नीति तथा कार्यक्रमको समीक्षा गर्न चाहन्छु।

**(क) आर्थिक क्षेत्र**

चालू आ.व मा कृषि तथा पशुपंक्षी विकाश क्षेत्रको समुचित विकाशका लागि अनुदानमा आधारित कार्यक्रम अन्तर्गत सवै वडामा प्लाष्टिक टनेल,प्लाष्टिक पोखरी,उन्नत जातको कृषि उपज विउ विजन,विरुवा वितरण,पशु नश्ल सुधार कार्यक्रम,दुग्ध उत्पादनलाई प्रवर्दन गर्न प्रदेश सरकार अनुदानमा आधारित दुग्ध कृषक प्रोप्साहन कार्यक्रम,पशुपंक्ष औषधी खरिद,नश्ल सुधारका लागि प्राकृतिक गर्भाधान कार्यक्रम,सवै वडामा समस्यामा आधारित तालिम सञ्चालन,खर्क सुधार कार्यक्रम आदि कार्यक्रमहरु सञ्चालन भएका छन्। ५०% अनुदानमा आधारित मासु पसल प्रवर्दन कार्यक्रम,डेरी पसल प्रवर्दन कार्यक्रम,दुधमा आत्म निर्भर कार्यक्रम,गाईका कोरली वितरण,पशु स्वास्थ्य शिविर सञ्चालन,महामारी रोग नियन्त्रणका लागि घुम्ती शिविर सञ्चालन,अलैची पकेट क्षेत्र विस्तार कार्यक्रम लगायत आय आर्जन तथा उत्पादन प्रवर्दनमा आधारित कार्यक्रमहरु सञ्चालन भएका छन्। गाउँपालिका क्षेत्र भित्र उत्पादन तथा उत्पादकत्वका आधारमा अलैचि पकेट क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन गरी आवश्यक कार्यक्रम तय गर्ने कार्य अघि वढीरहेको छ। यस गाउँपालिकामा उच्च हिमाली क्षेत्रमा ठुलाठुला खर्क भएकाले संख्यात्मक रुपमा घट्दै गएको चौरीपालन व्यावशायलाई प्रवर्दन गर्न आवश्यक गृहकार्य भैरहेको छ । साथै लोपोन्मुख भेडा व्यावशायलाई प्रवर्दन गर्दै उन तथा छुर्पी उत्पादन गरी राष्ट्रिय स्तरमा व्यावशायको प्रवर्दन गर्न आवश्यक पहल कदमी भैरहेको छ । गत वर्ष आर्थिक विकाश कार्यक्रम अन्तर्गत ६३ लाख ८८ हजार ५ सय विनियोजन भएको थियो।

**(ख) सामाजिक क्षेत्र**

चालु आ.व.मा शिक्षाको विकासको लागि केन्द्रिय अनुदान वाहेक वितिय समानीकरण तर्फबाट रु १३ लाख विनियोजन गरी विभिन्न शैक्षिक कार्यक्रमहरु तथा भौतिक पूर्वाधार निर्माणका कार्यहरु भैरहेका छन । प्रत्येक वडामा एक एक वटा नमूना वाल विकास केन्द्रको भौतिक पूवाधार तथा कक्षाकोठा व्यवस्थापनमा रु ३ लाख ९१ हजार २ सय खर्च भएको छ। शैक्षिक क्यालेन्डर अनुसार शैक्षिक गतिविधीहरु र गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि नियमितरुपमा विधार्थी,अभिभावक तथा सरोकारवालाहरुसँग अन्तरकृया संचालन गरिएको छ । स्थानिय स्तरमा आनिपान भाषा पठनपाठन भैरहेका विद्यालयहरुमा वडागत रुपमा कुल ४ लाख ६८ हजार खर्च भएको छ । शिक्षा क्षेत्रको समुचित विकाश तथा शैक्षिक गुणस्तर अभिबृद्विका लागि आवश्यक पहल भैरहेको छ।

सर्व सुलभ स्वास्थ्य सेवाको लागि स्वास्थ्य सेवा केन्द्रहरुको क्षमता अभिवृद्धि गरिएको छ। वडा न.३ र ४ मा वर्थिङ सेन्टर संचालन,सामुदायिक इकाई स्थापना,स्वयंसेविका प्रोत्साहन कार्यक्रम,औषधी तथा मेडिकल इक्विपमेन्ट खरिद,विभिन्न वडामा स्वास्थ्य शिविर संचालन कार्यक्रमहरु संचालन गरिएको छ। चालु आ.व.मा स्वास्थ्य सेवा

क्षेत्रका लागि वितिय समानिकरण अनुदान अन्तर्गत ११ लाख ६८ हजार खर्च भएको छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुच तथा विस्तारलाई कमश अघि बढाउदै लाने कार्यकम रहेको छ ।

महिला, आदिवासी जनजाति, दलित, पिछडा वर्ग, वालवालिका, ज्येष्ठ नागरिक र फरक क्षमता भएकाहरुको क्षमता विकासको लागि सिपमूलक तालिम तथा सामाग्रीहरु प्रदान गरिएको छ। अपाङ्गता भएका व्याक्तिहरुलाई अपाङ्गताको प्रकृति अनुसार परिचयपत्र वितरण कार्य निरन्तर रुपमा भइरहेको छ । वडा न.१,४,६ मा महिला लक्षित सिलाई वुनाई तथा अन्य सीपमुलक तालिम सञ्चालन भैरहेका छन् । महिला सशक्तिकरणका लागि विभिन्न क्षमता अभिवृद्दि तालिम तथा गोष्ठी सञ्चालन भएका छन् । खेलकुद मार्फत स्वस्थ नागरिक तथा खेलाडी उत्पादनमा जोड दिइएको छ । विभिन्न जातजातिहरुको धर्म संस्कृति जगेर्ना र प्रवर्द्धनको लागि अनुदानका कार्यक्रम संचालन गरिएको छ ।

### (ग) पूर्वाधार क्षेत्र

गौरवको आयोजनाको रुपमा रहेको साव्लाखु,लिम्वुदिन,मेहेले,सुरुम्खिम मोटरबाटो निर्माण र आंखोप सादेवा खण्ड मोटरबाटो निर्माण कार्य सम्पन्न हुने कममा रहेको छ । चालु आ.ब.मा वितिय समानीकरण पुर्वाधार विकाश कार्यकम अर्न्तगत ११ करोड खर्च भएको छ । पुर्वाधार विकाश तर्फ ठुलो धनराशि खर्च भएकोमा सोको अपेक्षाकृत उपलव्धि हासिल भएका छन् ।निर्माण भएका सडक आयोजनाहरुको कमश स्तरउन्नती गर्दै लगिने कार्यक्रम रहेको छ । १ र २ न.वडा बाहेक गाउँपालिकाका सबै वडाहरु सडक सञ्जाल मार्फत गाउँपालिका केन्द्रसँग जोडिएका छन् र वडा न.१ र २ लाई सडक सञ्जाल मार्फत गा.पा.केन्द्रसँग जोड्न बाटो विस्तार कार्य भैरहेको छ । चालु आ.व.मा साना ठुला गरी करिब ६०० कि.मि सडक निर्माण तथा विस्तार भएका छन् । यस आ.व मा संघिय समानीकरण पुर्वाधार विकाश कार्यकम अन्तर्गत कुल ९४ ओटा योजनाहरु सम्पन्न भएका छन् तथा बाकी सम्पन्न हुने कममा रहेका छन् । यस बाहेक पुर्वाधार विकाशका प्रादेशिक तथा संघिय ससर्त अनुदान तर्फका कार्यक्रम तथा आयोजनाहरु सम्पन्न हुने कममा रहेका छन् । संघिय ससर्त अनुदान अन्तर्गत प्रसिद्ध पर्यटकीय गन्तव्यको रुपमा रहेको तिम्बुडपोखरी जाने पदमार्ग,मन्दिर,शौचालय निर्माण कार्य द्रुत गतिमा भैरहेको अवगत गराउन चाहन्छु ।

### (घ) वातावरण तथा विपद व्यवस्थापन

वातावरण तथा विपद व्यवस्थापन तर्फ पहिरो नियन्त्रणका लागि ग्याविन जाली वितरण तथा वातावरणीय सन्तुलनका लागि ठोस फोहोरमैला व्यवस्थापन गर्न विभिन्न वडा अन्तर्गत डस्विन खरिद तथा वितरण कार्य भैरहेको छ । आगामी आ.व.मा वातावरणीय प्रभाव मुल्यांकनलाई आत्मसाथ गर्दै विकाश निर्माणका कार्यकमहरु सञ्चालन गर्ने लक्ष्य रहेको छ । गिट्टि,ढुंगा,बालुवा उत्खनन तथा निकाशीका लागि ४ न.वडा मिश्रटार र नेहेरे आसपास **प्रारम्भिक वातावरणीय परीक्षण** कार्य सम्पन्न भएको छ ।विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ कार्यान्वयनमा आइसकेको सन्दर्भमा विभिन्न वडाका विपद प्रभावितहरुलाई राहत तथा पुनस्थापनाका लागि आवश्यक सहयोग उपलब्ध भएको छ ।

### (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

गाउँपालिका अन्तर्गत रहेका विभिन्न विषयगत कार्यालय,वडा कार्यालय,स्वास्थ्य केन्द्र तथा अन्य कार्यालयहरुको सवलीकरण र सुदृढीकरणका लागि बजेट विनियोजन गरी संरचनात्मक सुधार भएको छ । गाउँपालिका भवन निर्माणका लागि जग्गा प्राप्ति तथा माटो परिक्षण कार्य सम्पन्न भएको छ । जीन्सी शाखालाई व्यवस्थित वनाउन जीन्सी व्यवस्थापनमा एकद्वार प्रणाली लागु गर्न **जिन्सी सफ्टवेयर** जडान गरिएको छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त पार्न विद्युतीय शासनको अवधारणालाई आत्मसाथ गर्दै हाई स्पिड इन्टरनेट जडान,मोवाइल एप्लिकेसन जडान कार्य भएको छ । गाउँपालिकाको समग्र वस्तुस्थिति चित्रण गर्नका लागि १० लाख विनियोजन गरी **गाउँ पार्श्वचित्र निर्माण** कार्य अन्तिम चरणमा पुगेको छ । सर्वसाधारणलाई नियमीत रुपमा आवतजावत गर्न समयसमयमा बाटोघाटोमा आइपर्ने पहिरोजन्य प्रकोपलाई नियन्त्रण तथा अन्य आवश्यक कार्य गर्न व्याकहोलोडर

खरिद गरिएको छ। साथै सेवा प्रवाहलाई छिटो छरितो तथा प्रभावकारी तुल्याउन विभिन्न सवारीसाधन खरिद गरी संस्थागत सवलीकरण कार्य भएको छ। गाउँपालिकाका सबै वडा कार्यालयको संरचनात्मक विकाशका लागि जग्गा प्राप्ति तथा भवन निर्माण कार्य गर्ने लक्ष्य रहेको जानकारी गराउन चाहन्छु। गाउँपालिकाको न्यायिक समितिका पदाधिकारी तथा वडास्थित मेलमिलापकर्ताहरुको क्षमता विकाशका लागि मेलमिलाप सम्वन्धी अभिमुखीकरण तालिम सञ्चालन भएको छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष संचालन हुने वजेट तथा कार्यक्रमको तपशिल वमोजिम **प्राथमिकता तथा विशेषताहरु** प्रस्तुत गर्न चाहन्छु।

- आयोजनाहरु उत्पादनमुलक, रोजगारमुलक तथा वातावरण मैत्री वनाउने
- पम्पीङ मार्फत खानेपानी तथा सिचाई व्यवस्थापन
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य प्रदान गर्ने
- कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने
- पशुबिमा तथा दुग्ध उत्पादन प्रोत्साहन
- पुर्वाधार विकाश तथा राष्ट्रिय प्रशारण लाइन जडान
- वातावरणलाई स्वच्छ सुन्दर र हरियाली बनाउन नर्सरी स्थापना
- आन्तरिक तथा वाह्य पर्यटनको विकास गर्ने
- उधमशिलता विकास र आयआर्जन
- जनशक्ति परिचालन,रोजगारी तथा गरिबी न्युनिकरण
- सेवा प्रवाहमा प्रभावकारिता र सुशासन

**वार्षिक नीति,बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएको पद्धति**

- नेपालको संविधान २०७२
- स्थानिय सरकार सञ्चालन ऐन,२०७४
- स्थानिय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
- संघिय र प्रदेश सरकारले जारी नीति,कानुन तथा मापदण्डहरु
- संघिय,प्रदेश तथा स्थानिय सरकारका आवधिक विकाश योजनाहरु
- पन्धौं आवधिक योजनाले राखेका दिर्घकालिन सोच,लक्ष्य र उदेश्यहरु
- नेपालको संविधानले जारी गरेका मौलिक हक तथा राज्यका नीति,निर्देशक सिद्धान्तहरु
- नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जारी गरेका प्रतिवद्धताहरु
- राजस्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त प्रतिवेदन
- बस्ती,टोल तथा वडास्तरबाट संकलित राय सुझावहरु
- स्थानिय समाजसेवी,बुद्धिजीवि,राजनीतिक दलका प्रतिनिधि लगायत सरोकारवाला संघसंस्थावाट प्राप्त रायसुझावहरु,आदि।

सभाध्यक्ष महोदय,

अब म माथि उल्लेखित बजेट तथा कार्यक्रमका प्राथकिता तथा विशेषतालाई सहयोग पुग्ने गरी कार्यक्रमहरुको निर्माण र सम्पादनका व्यवस्थालाई मिलाउने गरी निम्न बमोजिमका विषयगत नीतिहरु लिइने बारेमा जानकारी गराउन चाहन्छु ।

**क) आर्थिक विकास सम्बन्धि नीतिहरु :**

**१. कृषि तथा पशुपंक्षी विकास सम्बन्धि नीतिहरु :**

१.१. निर्वाहमुखी खेती प्रणालीलाई जिविकोपार्जनको प्रमुख माध्यमको रुपमा विकास गर्न कृषिको आधुनिकीकरण गरिनेछ ।

१.२. कृषि पकेट क्षेत्रको रुपमा यस गाउँपालिका क्षेत्रलाई विकास गर्दै मौरी, च्याउ र मौसमी तथा वेमौसमी तरकारी उत्पादन बृद्धिमा जोड दिइनेछ ।

१.३ संघ, प्रदेश तथा दातृ निकायको समन्वय तथा साझेदारीमा कृषि सामग्री,वजारको पहुँच तथा कृषि बजार व्यवस्थापनमा जोड दिइनेछ ।

१.४ व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्दै पशु विमा गर्ने कार्यलाई प्रवर्द्धन गरिने छ ।

१.५ प्राङ्गारिक(अर्गानीक) खेतीलाई प्रोत्साहन गर्न विषादी मुक्त खेती गर्ने कृषकलाई आवश्यक सहयोग गर्दै अर्गानिक खेती प्रवर्दनमा जोड दिइनेछ ।

१.६ प्रत्येक वडामा १० लाखसम्मका न्युनतम आयोजनाहरु रोजगार प्रवर्द्धनमुलक र आयमुलक कार्यक्रम गर्ने नीति अवलम्वन गरिनेछ ।

१.७ पशु नश्ल सुधार कार्यक्रम(कृत्रिम तथा प्राकृतिक गर्भाधान) लाई निरन्तरता दिई उन्नत जातको पशुपालनमा जोड दिइनेछ ।

१.८ व्यवसायीक बाखा, कुखुरा, वंगुर, माछापालनको लागि अनुदानको व्यवस्था गरिने छ ।

१.९ सुख्खा क्षेत्रमा थोपा सिचाइ तथा प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलन कार्यमा जोड दिइनेछ ।

१.१० उच्च हिमाली क्षेत्रमा खर्क सुधार कार्यक्रमलाई निरन्तरता भेडाको छुर्पी तथा ऊन उत्पादनमा जोड दिइनेछ ।

१.११ गाउँपालिका क्षेत्रमा अलैची उत्पादनको सम्भाव्यता अध्ययन गरी अलैची खेतीलाई प्रवर्दन गर्न अलैची जोनको रुपमा विकाश गरिनेछ ।

१.१२ कृषिजन्य उत्पादनमा विशेष जोड दिदै सामुहिक खेती प्रणालीको व्यावशायमा प्रोत्साहन गरिनेछ ।

१.१३ सिदिङ्वा गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन **एक घर : एक करेसाबारी** नीतिलाई अवलम्वन गरिनेछ

१.१४ माछा उत्पादन व्यावशायलाई आधुनिकीकरण गरी **एक वडा : एक माछापोखरी** निर्माण कार्य सुरु गरिनेछ ।

१.१५ स्वस्थ्य र स्वच्छ मासुको प्रवर्द्धनका लागि मासु पसललाई सहयोगका साथै समय समयमा अनुगमन गरी पुरस्कार र दण्डको व्यवस्था गरिने छ ।

**२. उद्योग तथा वाणिज्य नीति :**

२.१. स्थानीय सीप विकासको प्रवर्द्धन गर्दै स्थानीय स्तरमा घरेलु तथा लघु उद्यमको विकास तथा विस्तार गरिने छ ।

२.२. आर्थिक रुपमा पछि परेका आदिवासी, जनजाती, दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्वन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुर्‍याइनेछ ।

**३. पर्यटन नीति :**

३.१. पर्यटन क्षेत्र विकासको लागि यस क्षेत्रको गुम्वा-ढडढङ्गे झरना, ढडढङ्गे-तेर्छे सिदिङवा, ढडढङ्गे-मुकुभञ्ज्याङ्ग,तथा तिम्बुङपोखरी क्षेत्रलाई वृहत रुपमा संरक्षण प्रवर्द्धन विकासको लागि डिपीआर गरी केन्द्रीय वजेट माग गरिनेछ ।

३.२. लगानीकर्तालाई यस क्षेत्र भित्र पर्यटकिय क्षेत्र तथा मनोरञ्जनात्मक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने नीति लिइने छ ।

३.३ पर्यावरण नीति अनुकुल पर्यटन विकाशमा जोड दिइनेछ ।

**४. सहकारी सम्वन्धी नीति :**

४.१. सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धन गरिनेछ ।

४.२. आत्मनिर्भर र दीगो स्थानीय अर्थतन्त्रको निर्माण गर्न सहकारी सस्थाहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

४.३. स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शि तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्बाह गरिनेछ ।

**ख) सामाजिक विकास नीतिहरु :**

**५. शिक्षा सम्वन्धी नीतिहरु :**

५.१ गाउँपालिका क्षेत्र भित्र वसोवास गर्ने प्रत्येक वालवालिकालाई आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता प्रदान गरिनेछ ।

५.२ सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण मर्मत सम्भार संचालन र व्यवस्थापनमा सरोकार वाला सँग आवश्यक साझेदारी गरी संस्थागत सवलीकरणमा जोड दिइनेछ ।

५.३ सामुदायिक विद्यालयहरुका शिक्षकहरुको शिक्षण सिकाइ क्षमता अभिवृद्धिका लागि समयसापेक्ष सीप, तथा पुनर्ताजकी तालिमको व्यवस्था गरिनेछ ।

५.४ असल अभ्यास भएका र उच्च सिकाई उपलब्धि हासिल गर्न सफल विद्यालय एवं न्यून सिकाई उपलब्धि भएका विद्यालयहरुको विचमा अनुभव आदान प्रदान कार्यक्रम मार्फत शैक्षिक गुणस्तर एवं व्यवस्थापकीय क्षमता वृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।

५.५ विद्यालयका पुर्वाधारहरुलाई वालमैत्री तथा अपाङ्गमैत्री बनाइनेछ ।

५.६ शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा संचार प्रविधिको प्रयोगलाई अनिवार्य बनाइनेछ ।

५.७ सबै विद्यालयमा शुद्ध पिउने पानी, शौचालय सुविधा, खेलमैदान र पुस्तकालयको व्यवस्थामा जोड दिइनेछ ।

**६. स्वास्थ्य नीतिहरु :**

६.१ गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकीहरुको भौतिक एवं संरचनागत सुधार गर्दै व्यवस्थापनलाई निर्धारीत मापदण्ड अनुरुप विकास र विस्तार गरिने छ ।

६.२ गाउँपालिका क्षेत्र भित्रका विपन्न व्यक्तिहरुलाई क्यान्सर तथा मृगौला रोगको उपचारकाको लागि आवश्यक कार्यविधि निर्माण गरि राहत तथा उपचारमा सहयोग गरिने छ ।

६.३ स्वास्थ्य सेवाको पहुंच र सुनिश्चितता लाई अभिवृद्धि गर्न गाउँपालिकामा एक वटा एम्वुलेन्स खरिद गरिनेछ ।

६.४ सामुदायिक स्वास्थ्य इकाइहरुको क्षमता अभिवद्धी गर्दै प्रभावकारी वनाईने छ ।
६.५ गाउँपालिकाको स्वास्थ्य क्षेत्रको सुधार तथा जनतामा स्वास्थ्य चेतना अभिवृद्धिमा महिला स्वयं सेविकाहरुको भुमिकालाई अझ प्रभावकारी बनाईने छ ।
६.६ आगामी आ.व. मा साब्लाखु स्वास्थ्य चौकीमा **प्रयोगशाला निर्माण** गरि स्वास्थ्य सेवाको सरल तथा सहज पहुँच स्थापित गरिनेछ ।

**७. संस्कृति प्रवर्द्धन :**

७.१ धार्मिक साँस्कृतिक तथा ऐतिहासिक रुपले महत्वपूर्ण मठ,मन्दिर,गुम्वा,चर्च आदिको संरक्षण,सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।
७.२ स्थानिय भाषा, संस्कृती तथा मौलिकताको संरक्षण, सम्वर्द्धनमा जोड दिइनेछ ।

**८. लैगिक समानता तथा सामाजिक समावेशीकरण :**

८.१ बालवालिकाको सहभागिता, संरक्षण र विकासको अधिकार सुनिश्चित गर्न बाल क्लबहरुलाई सक्रिय वनाउदै बालमैत्री शासनमा जोड दिइनेछ ।
८.२ महिला विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्यकालागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
८.३ लघु उद्यमको माध्यमबाट गरिवी न्यूनीकरण गर्न क्षमता विकास, शिप विकास कार्यक्रम, लघु उद्यम विकास कार्यक्रम ( MEDPA) मोडेलमा संचालन गरिनेछ ।

**९. यूवा तथा खेलकुद नीति :**

९.१ राष्ट्रपती रनिङ शिल्ड लाई थप प्रभावकारी वनाउनको लागि आवश्यक पहल, सहजीकरण तथा स्रोत व्यवस्थापनमा जोड दिइनेछ ।
९.२ गाउँपालिका स्तरीय खेलमैदान निर्माणको लागि जगगा व्यवस्थापन गरी खेलमैदान निर्माणको उचित प्रवन्ध गरिनेछ ।
९.३ **"स्वास्थ्यका लागि खेलकुद,राष्ट्रका लागि खेलकुद"** भन्ने नारालाई आत्मसाथ गर्दै प्रत्येक वडामा वडास्तरीय खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ ।

**१०. ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्ति :**

१०.१ पूर्ण अपाङ्गता भएका( रातो कार्ड पाएका) व्यक्तिहरुलाई ह्वीलचियरका लागि सम्वन्धित निकायहरुसँग पहल गरिने छ ।
१०.२ ज्येष्ठ नागरिकहरुको आत्म सम्मानमा वृद्दि गर्न वडागत रुपमा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ ।
१०.३ अपाङगता भएका व्याक्तिहरुको राहत तथा पुनःस्थापनाका लागि आवश्यक पहल कदमी गरिनेछ ।

**ग) पुर्वाधार विकास नीति :**

११.१ गाउँपालिकाको गौरवको योजनाहरुको समुचित विकाश र व्यवस्थापनमा जोड दिइनेछ ।
११.२ गाउँपालिका केन्द्र साथै वडा कार्यालयसम्म पुग्ने बाटोहरुको स्तरोन्नती गर्दै यातायातलाई सहज बनाइनेछ ।
११.३ **"सभ्य र समृद्ध सिदिङ्वाको आधार : गुणस्तरीय पुर्वाधार"** लाई कमिक रुपमा कार्यान्वयन गरिनेछ ।
११.४ विगत आ.व.मा सम्पन्न भएका सडकहरुको स्तरोन्नतीका लागि विशेष जोड दिइनेछ ।
११.५ गाउँपालिका अन्तर्गत हरेक वडामा स्वच्छ खानेपानीको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्य गरिनेछ ।

११.४ गाउँपालिका भित्रका गौरवका आयोजनाहरु जस्तै सडक,पुल,खानेपानी आयोजना,भवन जस्ता वृहत लगानीमा सञ्चालन हुने आयोजनाहेरुको डिपीआर तयार गरिनेछ ।

११.५ गाउँपालिकाको आफ्नै भवन नभएको हुँदा भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

११.७ विकाश निर्माणव्यापक जनसहभागिता जुटाउन लागत साझेदारिमा सम्पन्न गरिने आयोजनाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

घ) वन, वातावरण तथ विपत व्यवस्थापन नीति

१६. वन तथा भु-संरक्षण नीति :

१६.१ बन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्वन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

१६.२ गाउँपालिका भित्रका पानीका मुहानहरुलाई संरक्षण गर्न वृक्षारोपण गर्दै पानीका मुहान तथा खानीजन्य पदार्थ प्रचलित कानुनबमोजिम प्रयोग गर्ने नीति अंगिकार गरिनेछ ।

१६.३. गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरुमा IEE र EIA लाई अनिवार्य रुपमा लागु गरिनेछ ।

१६.४ वन क्षेत्रवाट उत्पादन हुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँड गर्ने व्यवस्था मिलाउने तथा स्थानीय जनताको आधारभुत आवश्यकताहरु (काठ, दाउरा, घाँस, स्याउला) को आपुर्ति व्यवस्थापनलाई सहज वनाउन सरोकारवालाहरु सँग सहकार्य गरिनेछ ।

१६.५ जडीवुटीको प्रचुर सम्भाव्यता भएको कालीखोला र सुरुमखिम क्षेत्रमा जडीवुटीको उचित संरक्षण,प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

१९. विपद व्यवस्थापन नीति :

१९.१ प्राकृतिक तथा गैर प्राकृतिक विपद, भुकम्प, अतिवृष्टि, पहिरो, हावाहुरी, चट्टयाङ्ग, आगलागी, खडेरी, महामारी, हैजा, जस्ता महामारी वाट उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न पुर्व कियाशिलता अपनाइनेछ ।

१९.२ विपद व्यवस्थापन कोष सञ्चालनका लागि थप बजेट व्यवस्थापन गरिनेछ ।

ङ) सुशासन तथा संस्थागत विकास नीतिहरु

क) वित्तिय व्यवस्थापन र सुशासन तथा न्याय सम्पादन नीति :

२०.१ गाउँपालिकाको आम्दानी र खर्चको लेखाङ्कन कम्प्युटराइज्ड गरिएको छ र आगामी आर्थिक वर्ष देखि योजना संचालन कार्यलाई व्यवस्थित गर्न र आम्दानी तथा खर्चको लेखाङ्कन कार्यलाई व्यवस्थित गर्न स्थानिय संचित कोष व्यवस्थापन प्रणाली SUTRA को प्रयोग गरिनेछ ।

२०.२ वित्तिय अनुशासन कायम राख्न तथा वित्तिय जोखिम न्यूनीकरण गर्न आवश्यक नीतिहरु अंगीकार गरिने छ ।

२०.३ सार्वजनिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गर्ने; वार्षिक खरिद योजना निर्माण गरी सो वमोजिम मात्र खरिद कार्य लाई निरन्तरता दिईनेछ ।

२०.५ १० लाख भन्दा माथिका पूर्वाधार विकास सम्वन्धी योजनाहरु ठेक्का मार्फत संचालन गरिनेछ ।

२०.६ उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन, खर्च सार्वजनिककरण तथ सार्वजनिक सुनुवाई गर्ने व्यवस्था लाई कडाइका साथ लागु गरिनेछ ।

२०.७ सम्झौतामा तोकिएको मितिमा काम पुरा गर्न नसक्ने उपभोक्ता समितिहरुलाई एक पटक म्याद थप गरी पुन: समयमै कार्य सम्पन्न गराउने थप अवधिमा समेत कार्य सम्पन्न नगरेमा आर्थिक ऐन, नियम अनुसार जरिवाना गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ ।

२०.८ जनप्रतिनिधि तथा उपभोक्ता समितिका पदाधिकारी हरुलाई योजना संचालन, फरफारक जस्ता विषयमा क्षमता अभिवृद्धि गरिने कार्यक्रम संचालन गरिनेछ ।

२०.९ गा.पा.तथा वडा कार्यालयमा कार्यरत पदाधिकारी तथा कर्मचारीको परिवारको सदस्य(आमा,बुबा, पति/पत्नि,छोरा/छोरी मात्र) को मृत्यु भएमा किरिया खर्च रु २५,०००।०० उपलब्ध गराउने र स्वंय वहालवाला जनप्रतिनिधी तथा कर्मचारीको निधन भएमा रु ५०,०००।० उपलब्ध गराउने नीति लिइनेछ ।

२१.१ पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, र व्यवहारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ वटा अवलोकन भ्रमण कार्यक्रम गर्ने कार्यकम तय गरिनेछ ।

२१.२ विद्युतीय शासनमा आधारित संगठन संरचना निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

अन्त्यमा................

हाम्रा आवश्यकताहरु असिमित छन् तर स्रोत साधनहरु सिमित छन् । सिमित स्रोत साधनबाट समग्र सिदिङ्वावासीको चाहना र विकाशका अपेक्षालाई सम्वोधन गर्न आफैमा चुनौतीपुर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकतापुर्वक अधिकतम जनसहभागिता,सहकार्य तथा साझेदारीमा समन्यायिक तथा सन्तुलित वितरण गर्दै विकाशका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र बाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सरोकारवालाहरुको सहयोग,सहकार्य र पुर्ण सहयोगको आशा लिएको छु ।

नीति तथा कार्यकम र बजेट निर्माण कार्यमा अहोरात्र खटिनु हुने बजेट तथा कार्यकम तर्जुमा समितिका सदस्य ज्यूहरु,राजश्व परामर्श समितिका अध्यक्ष तथा सदस्य ज्यूहरु,श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिका सदस्य ज्यूहरु,विषयगत समितिका पदाधिकारी ज्यूहरु लगायत राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुतकर्ता :
उपाध्यक्ष श्री जीवनकुमार ताम्लिङ
मिति २०७६।०३।२०